**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७७।०६।२० गते बसेको आठौं बैठकको निर्णयहरु**

**निर्णय नं. १:-** यस बर्षको मनसुन अवधिमा बाढी, पहिरो र चटयाङ्गका कारण सिर्जित विपद्बाट भएको मानवीय क्षति र क्षेत्रगत (Sectoral) क्षतिको तथ्यांक र भए गरेका प्रयासहरुको विस्तृत विवरण १५ दिन भित्र उपलब्ध गराउन सम्बन्धित मन्त्रालय/निकाय/कार्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं. २:-** हरेक बर्ष विपद्बाट प्रभावित ब्यक्तिका निजी आवासहरु क्षतिग्रस्त हुने गरेको सन्दर्भमा घरवास विहीन प्रभावित ब्यक्तिहरुलाई निजी आवास बनाउन सहयोग गरी आवासको हक दिलाउने प्रयोजनको लागि तयार भएको "विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" उपर छलफल गरियो । उक्त कार्यविधिमा केही सुझाबहरु प्राप्त भए । सो कार्यविधि नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत हुन उपयुक्त हुने देखिएकोले सोको आवश्यक परिमार्जन सहित स्वीकृतिको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

**निर्णय नं. ३:-** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७ लाई परिमार्जन सहित स्वीकृत गर्ने ।

**निर्णय नं. ४:-** "विपद् खोज तथा उद्धार आधारभुत तालिमको पाठ्यक्रम, २०७७" र "विपद्का समयमा खोज तथा उद्धार, प्राथमिक उपचार र शव व्यवस्थापनका लागि आवश्यक सामग्री सम्वन्धी मापदण्ड, २०७७" का सम्बन्धमा १५ दिन भित्र राय/सुझाव सहित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपलब्ध गराउन निर्देशन दिने र प्राप्त राय/सुझावका आधारमा पाठ्यक्रम तथा मापदण्ड परिमार्जिन गरी कार्यकारी समितिको अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नं. ५:-** सन् १९८९ देखि हरेक बर्ष अक्टुबर १३ तारिखमा मनाउने प्रचलनमा आएको अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस (IDDRR) यस बर्ष पनि विभिन्न कार्यक्रमहरु गरी सप्ताहब्यापी रुपमा मनाउने र सोको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई आवश्यक तयारी तथा समन्वय गर्न निर्देशन दिने ।

**निर्णय नं. ६:-** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (NPDRR) को सचिवालयको रुपमा कार्यरत सँस्था विपद् पूर्वतयारी सञ्जाल (DPNet) ले यो दिवसलाई प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि कार्य गरिरहेकोले विगतमा झैं यस बर्ष पनि उक्त सँस्थालाई रु ७५,००० (पचहत्तर हजार मात्र) रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आफ्नो बजेटबाट उपलब्ध गराउन निर्देशन दिने ।

**निर्णय नं. ७:-** अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस (IDDRR) लाई स्थानीय स्तरसम्म मनाउन विपद् जोखिम न्यूनीकरण संवेदनशील शासन प्रणालीको सुदृढीकरणमा सहकार्य गर्नका लागि प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई प्राधिकरणले पत्राचार गर्ने, समन्वय गर्ने ।